नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७९/८०

चलानी नं.: २४१

मिति :२०७९/०८/२८

विषयः आ.व.०७९/८० को बजेट सम्बन्धमा ।

श्री औरही गाउँपालिका/ कर्जन्हा नगरपालिका, सिराहा

श्री नगराइन नगरपालिका/ कमला नगरपालिका, धनुषा

श्री विष्णु गाउँपालिका/ बौधीमाई नगरपालिका, सर्लाही

श्री यमुनामाई गाउँपालिका, रौतहट

श्री डुडुवा गाउँपालिका, बाँके ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २२१ ले स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ/नगर सभालाई प्रदान गरेको छ । साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा गाउँ/नगर सभाले असार मसान्तसम्म आगामी आर्थिक वर्षको बजेट पारित गरिसक्नु पर्ने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम तहाँ नगरपालिका/गाउँपालिकाबाट आर्थिक वर्ष ०७९/८० को बजेट सभाबाट पारित गरी सोको विवरण अनिवार्य रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा प्रविष्ट गर्न मन्त्रालयबाट विभिन्न मितिमा प्रेषित पत्र समेत प्राप्त भएकै छन् । तहाँ स्थानीय तहबाट हालसम्म पनि चालु आ.व.को नीति, कार्यक्रम तथा बजेट पास नहुँदा सरकारले स्थानीय तह मार्फत जनतालाई प्रदान गरिने सामाजिक सुरक्षा कार्यक्रम, शिक्षा, स्वास्थ्य, सुशासन लगायतका कार्यहरु प्रभावित भएको गुनासो यस मन्त्रालयमा प्राप्त भएको छ । साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत विभिन्न नियमनकारी निकायबाट तहाँ गाउँपालिका/नगरपालिकाले आ.व.०७९/८० को बजेट हालसम्म पनि पारित नगरेको विषयमा सोधनीभई आएकोले नेपालको संविधान, स्थानीय तहलाई प्राप्त अधिकार तथा प्रचलित कानूनको पूर्ण पालना गरी जनतालाई प्रदान गरिने सेवा प्रवाहमा सुशासन कायम गर्नु/गराउनु हुन मिति २०७९/०८/२८ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

नमराज वाग्ले

शाखा अधिकृत

**बोधार्थः-**

श्री सूचना तथा प्रविधि शाखाः website मा अपलोड गरिदिनु हुन।